# कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडलाई

## समस्याग्रस्त अवस्थाबाट मुक्त गरिएको सम्बन्धी सूचना

यस बैंकबाट मिति २०७१।०९।०४ मा समस्याग्रस्त घोषणा गरिएको कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडले यस बैंकको नीतिगत व्यवस्था बमोजिम चुक्तापुँजी र पुँजीकोष कायम गरेको, संस्थामा नयाँ लगानीकर्ताहरु प्रवेश गरी संस्थालाई सुचारु रुपमा संचालन गर्ने प्रतिबद्धता जाहेर गरेको र हाल संस्था सुधारोन्मुख देखिएकोले यस बैंकको मिति २०७४/१०/१८ को निर्णय बमोजिम यस बैंकबाट जारी भएका निर्देशनहरु लगायत देहायका शर्तहरुको पालना गर्ने गरी समस्याग्रस्त अवस्थाबाट मुक्त गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु :**

(१) यस बैंकबाट तोकिए बमोजिमको चुक्ता पूंजी २ वर्ष (२०७६।१०।१७) भित्र पुऱ्याउने गरी पुँजी बृद्धि योजना तयार गरी ३५ दिन भित्र पेश गर्नु पर्ने ।

(२) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापन चुस्त दुरुस्त पार्नु पर्ने ।

(३) हाल तोकिएको चुक्ता पुँजी नपुगेको अवस्थासम्म एकल ग्राहक कर्जा सीमा Core Capital को १० प्रतिशत कायम गर्ने तथा तोकिएको चुक्ता पुँजी पुरा भएको अवस्थामा हाल विद्यमान व्यवस्था अनुरुपको एकल ग्राहक कर्जा सीमा कायम गर्नु पर्ने ।

(४) कर्जा असुली र निक्षेप भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकता दिनु पर्ने । खराव कर्जालाई क्रमिक रुपमा घटाउदै लगि वाञ्छित सीमा भित्र ल्याउनु पर्ने । खराब कर्जा असुलीको लागि विशेष प्रयास गर्ने । विषेश प्रयासका बावजुद पनि असुल उपर हुन नसकेका कर्जाहरुको सम्बन्धमा एउटा छानविन समिति गठन गरी यस्ता कर्जा प्रवाहमा त्यस संस्थाका पूर्व पदाधिकारी तथा कर्मचारीहरुको संलग्नता पाइएमा त्यस्ता व्यक्तिहरु उपर प्रचलित कानून बमोजिम कारवाही प्रकृया अगाडि बढाउनु पर्ने । साथै, दुई महिना भित्र यस सम्बन्धमा भएको प्रगति विवरण पेश गर्नु पर्ने ।

(५) त्यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७४।०९।१० को बैठकबाट प्रतिवद्धता व्यक्त गरे अनुरुपको कार्य तोकिएको समय भित्रै सम्पन्न गर्नु पर्ने र सोको प्रगति विवरण ३५ दिन भित्र पेश गर्नु पर्ने ।

(६) कल्स इन एडभान्स (Calls in Advance) मा रहेको रकम यस बैंकबाट जारी एकिकृत निर्देशन नं. १० (ङ) मा भएको व्यवस्था अनुसार कुनै पनि अवस्थामा फिर्ता भुक्तान गर्न, झिक्न वा घटाउन ( Divestment) पाइने छैन ।

(७) यस बैंकबाट समस्याग्रस्त घोषणा हुँदा र तत्पश्चात दिइएका निर्देशनहरु मध्ये कार्यान्वयन हुन बांकी निर्देशनहरुको कार्यान्वयन गर्नु पर्ने ।

**नेपाल राष्ट्र बैंक**

**समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा**